REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 20.03.2025

---

## Youth Festival

आठौं पूर्वोत्तर युवा महोत्सव दुई हजार पच्चीस आज सम्पन्न भयो ।

गान्तोकको पाल्जोर स्टेडियममा आयोजित समापन समारोहलाई सम्बोधान गर्दै केन्द्रीय खेल तथा युवा मामिला राज्य मन्त्री रक्षा निखिल खडसेले भन्नुभयो यो महोत्सव पूर्वोत्तर क्षेत्र र देशको अन्य भागका युवाहरूलाई एकत्रित गर्ने महत्वपूर्ण कार्यक्रम हुनका साथै यसले एकता र सम्वर्ध्दनमा सहायता पुऱ्याउँछ।

विभिन्न क्षेत्रमा युवाहरूलाई अवसर र मञ्च उपलब्ध गराएर युवाहरूलाई सशक्त बनाउने केन्द्र सरकारका विभिन्न कार्यक्रमहरूको उल्लेख गर्दै उहाँले भन्नुभयो पूर्वोत्तरका युवाहरूले 2047 सालसम्मा भारतलाई विकसित बनाउने प्रधानमन्त्रीको सपनालाई साकार तुल्याउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

युवा संसदबारे बोल्दै मन्त्रीले भन्नुभयो ।

आफ्नो बक्तव्य मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभयो पूर्वोत्तरका युवाहरूले विश्वस्तरमै कला र संस्कृतिकको क्षेत्रमा उल्लेखनीय प्रदर्शन गरेका छन् ।

उहाँले भन्नुभयो राज्यका प्रतिभाहरूलाई अझै अवसर प्रदान गर्न अनि रास्ट्रिय र वैश्विक स्तरमा क्षेत्रीय कला, संस्कृति र चलचित्र निर्माणको प्रवर्ध्दनका लागि निवेश गर्न राज्य सरकार प्रतिवध्द छ ।

राज्यका खेलमन्त्री राजु बस्नेतले पूर्वोत्तरका राज्यहरू र देशको अन्य भागका युवाहरू एकत्रित भएर महोत्सवलाई सफल बनाएकोमा प्रसन्नता ब्यक्त गर्नुभएको चार दिने लामो महत्सवमा एक हजार भन्दा बढ़ी प्रतिभागीहरूले आ आफ्ना क्षेत्रका कला र संस्कृति प्रदर्शन गरे ।

---

## UDHD Press Conference

राज्यको शहरी बिकास तथा आवास विभागले राज्यमा ब्यापार लाइसेन्स अरूलाई चलाउन दिने अर्थात Sublet गर्ने र सरकारी आवांटनका पसललाई किरायमा दिनेहरू विरूध्द कठोर पाइला चालने भएको छ।

गान्तोकमा आज एउटा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दे विभागका मन्त्री भोजराज राईले भन्नुभयो कसैले पनि ब्यापार लाइसेन्स गैर सिक्किमेलाई चलाउन दिएको पाइएमा तत्काल ती ब्यक्तिको लाइसेन्स रद्द गरिनेछ । उहाँले तथापि भन्नुभयो खाँटी सिक्किमेले सबलेटमा लिएर ब्यापार गरेको र उनीसित सम्बन्धित कुनै पनि दस्तावेज भएको खण्डमा विभागले तत्काल लाइसेन्स उपलब्ध गराउनेछ ।

स्थानीय वासिन्दाहरूलाई ब्यापारका अवसरहरू उपलब्ध भएको सुनिश्चित गर्नु यस्तो पहलको उद्देश्य रहेको श्री राईले बताउनुभयो ।

सरकारको प्रियम अनुसार सरकारी आवंटनका पसलहरू तेस्रो पक्षलाई दिने अनुमति नभएको कुरो बताउँदै मन्त्रीले भन्नुभयो केही पसल मालिकहरूले मासिक किराय सरकारलाई भूक्तान गरेका छैनन् र नियमको उल्लंघन गर्ने ब्यक्तिहरू विरूध्द आवश्यक कारवाई गरिनेछ ।

राज्यमा श्रमिकहरूको सत्यापनबारे बोल्दै मन्त्रीले भन्नुभयो कानुनी आवश्यकताहरू पालन भए नभएको सुनिश्चित गर्न सबै श्रमिक कार्डहरूको जाँच गरिनेछ ।

बैध कानुनी दस्तावेज नहुने लटरी वितरक, हकर र फ्याकिँएका सामानहरू जम्मा गर्ने कार्यसित सम्वन्धित ब्यक्तिहरू अर्थात Scrap Dealer हरूबारे बोल्दै श्री राईले भन्नुभयो ब्यापारी र लाइसेन्स जारी गर्ने अधिकृत दुवैले ब्यापार लाइसेन्सका शर्तहरू पालन गर्नुपर्छ ।

शहरी बिकास मन्त्रीले अधिकृतहरूलाई नयाँ लाइसेन्स जारी गर्न अघि स्वयंले स्थलको निरीक्षण गर्ने रिर्देश दिनुभयो ।

उहाँले राज्यमा बस्ने गैर सिक्किमेहरूसित सबै आवश्यक कानुनी औपचारिकताहरू पूरा गर्ने आग्रह गर्नुभएको छ।

## ICAR- NJPB

कृषि विभाग नाम्ची र भारतीय कृषि अनुसन्धान परिषद राष्ट्रिय उद्भिद जैवप्रौद्योगिकी संस्थानको संयुक्त तत्वावधानमा सुमबुकका कृषकहरूका लागि आज सुम्बुकमा भटमासको बीऊ उत्पादन प्रौद्योगिकीमाथि ब्यापक प्रशिक्षण आयोजित भयो ।

जैविक भटमास बीऊ उत्पादनको उन्नत तकनिकबारे स्थानीय कृषकहरूलाई जानकारी दिने उद्देश्यले यसको आयोजना गरिएको थियो ।

प्रशिक्षण कार्यक्रममा विशेषज्ञहरूले पीएम किसान, प्रधानमन्त्री फसल बीमा योजना माटो स्वास्थ्य तथा उत्पादनशीलता, किसान क्रेडिट कार्ड, बीऊ प्रमाणीकरण र समन्वित कीट प्रबन्धन जस्ता विषयहरूबारे जानकारी दिए । यसमा सुम्बुक प्रखण्डका क्षेत्र कार्यकर्ताहरू लगायत पचासजना कृषकहरूले प्रशिक्षण लिए ।

---

## Khelo India Para Games

खेलो इण्डिया प्यारा गेम्स 2025 आजदेखि नयाँ दिल्लीमा शुरू भएको छ । केन्द्रीय खेल मन्त्री मनसुख मांडवियाले यसको शुभारम्भ गर्नुभयो । उहाँले भन्नुभयो खेलो इण्डिया अन्तर्गत देशमा खेलहरूको बुनियादी ढाँचामा द्रुत गतिमा बिकास भइरहेछ ।

यसमा छत्तीस राज्य र केन्द्रशासित प्रदेशहरूका तेह्रसय भन्दा अधिक खेलाड़ीहरूले भाग लिइरहेछन् ।

यो, तृणमूल स्तरका खेलहरूको प्रवर्ध्दन गर्ने दिशातर्फ खेलो इण्डिया पहलको हिस्सा हो जो सत्ताइस मार्च सम्म जवाहरलाल नेहरू स्टेडियम, इन्दिरा गान्धी स्टेडियम र डा. कर्णी सिंह शूटिङ रेञ्जमा आयोजित हुनेछन् ।

यसमा खेलाड़ीहरूले छ वटा खेल धनुकाँड़, एथलेटिक्स, बूयाडमिन्टन, शूटिङ, टेबलटेनिस र पावरलिफ्टिङमा प्रतिस्पर्धा गर्नेछन् ।

---

Weather Report

राज्यमा विगत दुई दिनसम्म घाम लागेर मानिसहरूलाई गर्मीको अनुभव गराए तापनि आज फेरि अचानक आकाशमा बादल छाएर तापमानमा कमी आयो ।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान अठार दशमलउ छ डिग्री सेल्सियस र न्यूनतम तापमान एघार डिग्री सेल्सियस रेकार्ड गरियो ।

विभागले भोलि तापमानमा केही वृध्दि भएर अधिकतम बास डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ ।